# शुक्लागण्डकी नगरपालिकाको नवौँ नगर सभामा प्रस्तुत

# आर्थिक बर्ष २०७८/७९ को बजेट, नीति तथा कार्यक्रम

**शुक्लागण्डकी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**दुलेगौँडा, तनहुँ**

**गण्डकी प्रदेश, नेपाल**

**२०७३**

# शुक्लागण्डकी नगरपालिका
# शुक्लागण्डकी नगरपालिकाको कार्यालय
# नवौँ नगर सभामा प्रस्तुत आर्थिक बर्ष आ.व २०७८/७९ को बजेट, नीति तथा कार्यक्रम

नगरसभाका सभाध्यक्षज्यू,

नगर सभाका सदस्यज्यूहरु,
पत्रकार ज्यूहरु,
कर्मचारीहरु,
उपस्थित नगरबासी महानुभावहरु,

विश्वभर माहामारीको रुपमा फैलिईरहेको कोरोना भाईरस (कोभिड–१९) को असर र यसबाट श्रृजित विषम परिस्थितिका कारण यस नगरपालिका पनि आक्रान्त बनेको छ। कोभिड महामारीको कारण हाम्रो विकास र समृद्धिको मार्गलाई प्रभावित गरेको छ। कोभिड महामारीको रोकथाम, नियन्त्रण र उपचारका लागि पालिकाको अथक प्रयासले गर्दा आ.व ०७७/७८ को निती, कार्यक्रम र बजेट व्यवस्थापनले सोचे जस्तो प्रगती गर्न सकेन।तथापी नगरवासि नागरिकहरु, निर्वाचित जनप्रतिनिधिहरु, राजनैतिक दल, सामाजिक व्यक्तित्वहरु, र अन्य संघ संस्थाहरुको साथ सहयोग र सहभागिताबाट लक्षित कार्यक्रमको ८०% भन्दा बढीको प्रगति हासिल गर्न सक्षम रहेको व्यहोरा यस गरिमामय सभा समक्ष जानकारी गराउन चाहान्छु।

आ.व २०२६/२७ बाट सुरू भएको दुलेगौडा, खैरेनीटारको बजारीकरण एंव पृथ्वीराजमार्ग र अन्य पहाडी ठाँउहरु थप्रेक, भूजिकोट दगाम गुर्दुम, राजस्थल, राईपुरकोट, फिरफिरे, लामागाँउ जस्ता विकट र भूबनोटले पछाडी परेका ठाँउ गाँउ र बस्तीहरुलाई समानुपातिक विकासमा लान निकै चुनौतीपुर्ण छ तापनि यस नगरपलिकाको मुख्य ध्यय तिनै पछाडी परेका ठाँउहरुलाई शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, विद्युत जस्ता आधारभूत पूर्वाधार निर्माणमा लागि परेका छौँ र केही हद सम्म सफल पनि भएका छौँ।

सामाजिक र आर्थिक हिसाबले बिकासको प्रचुर सम्भावना बोकेको यस नगरपलिकाको भौगोलिक बनावट बाधक रहेको छ तापनि यही भू-बनोट विकासका लागि पूर्वाधार पनि बन्न सक्छन् भन्ने अवधारणाका लागि अगाडी बढाउदै पहाडी भूभागलाई सकेसम्म पैदल पदयात्रा पर्यटन, पर्यटक वास कार्यक्रम जस्ता कार्यक्रमहरु अगाडी बढाईएको छ भने पहाडीमूलबाट सतह खानेपानी योजना संचालनमा सहयोग पुगेको छ। बढ्दै गएको शहरीकरण, बसाईसराई शहरी सुविधाहरु शिक्षा, स्वास्थ्य, सुरक्षा, सरसफाई, खानेपानी जस्ता आधारभूत विषयहरुको पर्याप्तता सरल सहज तथा गूणस्तरीय रुपमा उपलब्ध गराउन चूनौतीपूर्ण नै छ। त्यसैले यस बर्ष यो नगरपालिकाको सम्पूर्ण ध्यान कोभिडको रोकथाम तथा नियन्त्रण, व्यवस्थित र सुखपूर्ण शहरी तथा ग्रामिण जीवनयापन, पर्यटन, पर्यावरण, कृषि उद्योग, व्यावसायिक कृषक निर्माणमा उत्पादनशिल कृषिभूमी भएका बजार बाहिरका गाँउ तह र वडाहरुको विकासमा हाम्रो ध्यान केन्द्रित भएको छ।

स्वास्थ्य र शिक्षा मानिसको जीवन जिउन र सार्थक बनाउनका लागि न्यूनतम आवश्यकता हुन् नगरभित्र कोही पनि निरक्षर नहुन् र शिक्षाको उज्यालो घामबाट कोही पनि बन्चित नहुन् भन्ने उद्देश्यले यस बर्ष दिगो शिक्षा र पूर्ण स्वास्थ्यका लागि आवश्यक बजेट व्यवस्था गरिने छ। सबै स्वास्थ्य केन्द्रहरु, वडा स्वास्थ्य क्लिनिकहरु एंव नगर र नगरका अस्पतालहरुमा पूर्वाधार तयार गरी आधारभूत सेवा सुविधाहरु ध्यान दिईने छ। बस्ती विस्तार सँगै बढ्दै गएका आवश्यकताहरु जस्तै खानेपानी, सडक, पुल पुलेसा, वन वातावरण सुधार, विद्यालय शिक्षा आवश्यकता अनुसार पुरा गर्दै लगिने छ। यसका लागि स्थानीय श्रोत, साधन, प्रदेश एंव संघिय सरकारबाट प्राप्त हुने अनुदान र सहयोगलाई अधिकतम उपयोग गरी द्रुत विकासका लागि जनशक्ति विकास,साझेदारी सहकार्यका माध्यमबाट दिगो विकासका लागि दिर्घकालिन सोचका साथ संचालन गरिने छ।

**आदरणीय नगर सभा सदस्यज्युहरु,**

**"कृषि पर्यटन र पुर्वाधार, सम्वृद्ध शुक्लागण्डकीको मूल आधार"** भन्ने मूल विषयलाई साकार पार्न गत २०७५/७६, २०७६/७७, २०७७/७८ का निती कार्यक्रमहरु बाट सिक्दै र त्यसमा भएका समस्या र चुनौतीहरुलाई पन्छाउदै यस आर्थिक बर्ष २०७८/७९ का लागि तपशिलका विषयगत क्षेत्रहरुमा नितीहरु देहाय अनुसार कार्यान्वयन गरिने छ।

यस आ.व २०७८/७९ का लागि नगरपलिकाले संचालन गर्ने विकास योजना निर्माण,संचालन,आवश्यक कानुनको निर्माण लगायत सम्पूर्ण कार्यहरु संचालन गर्न सल्लाह सुझाव र सहयोग पुर्याउनुहुने आदरणीय विद्वान मित्रहरु, विषयविज्ञ, सामाजिक व्यक्तित्वहरु, राजनैतिक दल र व्यक्तिहरु, नगरपलिका, कायपालिका प्रमुख,सदस्यहरु, प्राविधिक एंव प्रशासनिक कर्मचारीहरु सबैमा आभार व्यक्त गर्दछु।

अब म आर्थिक बर्ष २०७८/७९ का लागि संचालन गरिने कार्यक्रमहरु देहाय अनुसार पेश गर्ने अनुमति चाहान्छु।

## आर्थिक बिकास –कृषि तथा पशु विकास :

१. शुक्लागण्डकी नगरपालिका भित्र सबै वडाहरुमा उत्पादन भएका कृषि उपजहरु संकलन गरी बजार क्षेत्र सम्म ल्याउन कृषि एम्बुलेन्सको प्रबन्ध गरिने छ।
२. उपयुक्त जमिनमा सघन वाली विकास कार्यक्रम संचालन गरिने छ।
३. कृषिको व्यवसायीकरण गरी उत्पादनमा जोड दिईने छ।
४. कृषि पर्यटन प्रवर्धनमा यस बर्ष पनि निरन्तरता दिईने छ।
५. कृषि उत्पादन र संरक्षणका लागि बिमाको व्यवस्था दिईने छ।
६. माटो जाँच र कृषि पकेट क्षेत्र उत्पादनलाई बढावा दिईने छ।
७. निर्माणाधिन चिस्यानकेन्द्र र कृषि थोक बजार उपज संकलन केन्द्र यसै बर्षबाट संचालनमा ल्याईने छ।
८. कृषि र पशुजन्य उत्पादन र विकासका लागि आवश्यक जनशक्तिको व्यवस्था गरिने छ।
९. प्रदेश सरकारद्वारा संचालन गर्ने गाई फर्म संचालनमा आवश्यक समन्वय गरिने छ।

१०. व्यवसायिक कृषक अभिमुखिकरण तालिम सञ्चालन गरिने छ।
११. कृषि उत्पादनका लागि कृषि अनुदान यथावत् संचालन गरिने छ।
१२. शुक्लागण्डकी नगरपालिका पर्यटन क्षेत्रलाई प्याकेज कार्यक्रम बनाई प्रचार प्रसार गरिने छ।
१३. कृषि सेवा क्षेत्रमा रहेका भवनहरुको मर्मत र सामाग्रीको मर्मत गरी प्रयोगमा ल्याईने छ।
१४. पशुधन संरक्षणका लागि बिमा र सरुवा रोग रोकथाम गर्न नि:शुल्क औषधिको व्यवस्था गरिने छ।
१५. प्रत्येक घरमा कम्तिमा २ बोट फलफुल अभियान संचालन गरिने छ।
१६. बैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई **"युवा लक्षित कार्यक्रम"** यस बर्ष पनि निरन्तरता दिईने छ।
१७. बेरोजगार यूवावर्गलाई आयमूलक तथा सर्वशुलभ कृषि तालिमको व्यवस्था गरिने छ।
१८. पर्यटन क्षेत्रको विकासका लागि प्रदेश सँग समन्वय गरी कार्य गरिने छ।
१९. नगरभित्र रहेका सहकारी संस्थाहरुको दर्ता,नविकरण एंव नियमन कार्यलाई थप प्रभावकारी बनाई,बैँक वित्तिय संस्था द्वारा संचालन गरिने सामाजिक विकास योजनालाई थप प्रभावकारी बनाईने छ।
२०. नगरपालिका भित्र पर्यटन सूचना केन्द्र स्थापना गरी होमस्टेलाई थप प्रोत्साहन गरिने छ।
२१. गोकुल प्रतिष्ठान, मदन आश्रित प्रतिष्ठान, शहिद कृष्ण पार्क र अन्य पार्कहरुको व्यवस्थापन गर्न प्रदेश र संघिय सरकारसँग समन्वय गरि व्यवस्थापन गरिने छ।
२२. उत्पादनमा आधारित कृषि अनुदानको व्यवस्थालाई यस बर्ष पनि निरन्तरता दिईने छ ।

## सामाजिक विकास:

- लक्षित बर्गको बजेट उत्पादनमुखी कार्यक्रम परिचालनमा जोड दिइनेछ।
- दलित वर्गभित्र पनि विपन्न वर्गलाई पहिचान गरी तिनीहरुको सिप र कला अनुसार संरक्षण, प्रवर्धन गरी उत्पादनमूलक काम गर्न आवश्यक प्रविधि(सामाग्री) उपलब्ध गराईने छ।
- ज्येष्ठ नागरिक सेवा केन्द्र-५ , मुक्तिनाथ च्यवनधाम-२ मा जेष्ठ नागरिक दिवा सेवा संचालन गर्न सहयोग गरिने छ। बालमैत्री नगर बनाउन आवश्यक पहल गर्दै लगिनेछ।
- बालबालिकालाई सुनुश्चित भविष्य निर्माणका लागि बाल संरक्षण, बाल बचाउ सहित मनोरञ्जन स्थलको व्यवस्था गरिने छ। सबै बालबालिकालाई विद्यालय पहुँचमा लगिने छ।
- अपाङ्गता भएका नागरिकको क्षमता अनुसार जीवन वृत्तिका लागि अपाङ्गता भएका व्यक्तिको परिवारलाई क्षमता अनुसार सिप र विउपूँजीको व्यवस्था गरिने छ।
- जेष्ठ नागारिक र अपाङ्गता परिचयपत्र वितरणलाई सरल बनाईने छ।
- टोल विकास संस्थाहरुलाई अझ सक्रिय पार्दै लगिने छ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई नितिगत सुधार गरी व्यवस्थित गरिने छ।
- सामाजिक सुरक्षा र पञ्जिकरणलाई सहज गर्न वडा कार्यालयलाई तालिम दिईने छ।

- लक्षित वर्ग पहिचान गठन र सञ्चालनका लागी कार्यविधि निर्माण र कार्यदल गठन गरी व्यवस्थित गरिने छ ।
- नगरभित्र रहेका र बाहिरबाट आई कार्यरत सरकारी, गैर सरकारी संस्थाहरुलाई एकद्वार प्रणालीमा ल्याईने छ।

## ज्येष्ठ नागरिक, अपाङ्गता एवं एकल महिला:

- गत वर्षका असल अभ्यास भएका कार्यक्रमहरुलाई निरन्तरता दिईने छ ।
- एकल महिलाको आयआर्जनका लागि सिप विकास तालिम दिई विउ पूँजीको व्यवस्था गरिने छ ।
- सामाजिक तथा सार्वजनिक स्थलहरु अपाङ्ग मैत्री बनाईने छ ।
- सामाजिक सुरक्षा कार्यक्रमलाई सुलभ बनाईने छ ।
- जेष्ठ नागरिकलाई सेवा आश्रमको व्यवस्था गरिने छ ।
- अपाङ्गता भएका व्यक्तिलाई क्षमता अनुसार सिप सिकाई आयआर्जनका लागि विउपूँजीको व्यवस्था गरिने छ ।
- अपाङ्गताको 'ग' र 'घ' कार्ड प्राप्त गरी कुनै पनि सरकारी वा गैरसरकारी लाभको पद नलिएको अपाङ्गता व्यक्तिहरुलाई सुविधाको प्रबन्ध गरिनेछ ।

## महिला तथा बालबालिका

महिला र वालवालिकाको हितका लागि देहायका कार्यहरु गरिने छ ।

१. महिलाहरुको सिप अनुसारको काम र काम अनुसारको उत्पादनमा प्रेरित गरिने छ ।

२. महिलाहरुलाई एकल वा सामुहिक उत्पादन प्रणालीमा लाग्न र एक समूह एक उत्पादनमा लाग्न प्रेरित गरिने छ । आवश्यकता अनुसार ऋण वा अनुदानको व्यवस्था गरिने छ ।

३. तालिमका लागि तालिम नभई उत्पादनका लागि सिपलाई प्रोत्साहन गरिने छ ।

४. विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयको पहुँचमा लगिने छ ।

५. नवजात शिशु र आमालाई पोषणको व्यवस्था गरिने छ ।

६. विद्यालय छोड्नेको दर कायम गर्ने, दिवा खाजा, जाँच उपचारलाई थप व्यवस्थित गरिने छ ।

७. उद्यमशिल महिला एकल वा समूहमा पुरस्कारको व्यवस्था गरिने छ।

८. ५ बर्ष मुनिका बालबालिकाको सर्वाङ्गिण विकासका लागि केन्द्र र प्रदेश सरकारको नीति अनुसार बालबालिका केन्द्र संचालन गरिने छ ।

## पिछडी वर्ग, दलित, आदिवासी जनजाती:

- शुक्लागण्डकी नगरपलिका बहुल जाती, भाषा, धर्म, संस्कार र संस्कृति भएको नगर हो । सबै अल्पसंख्यक जातीहरु मुस्लिम, कुमाल, भूजेलको सांस्कृतिक पहिचान र उन्नतिका लागि कार्यक्रमहरु संचालन गरिने छ ।
- पेशा ; जाती वा वर्गको मात्र हुदैन तथापी परम्परागत पेशा व्यवसायमा रहेका नागरिकहरुका लागि जस्तै आरन, सिलाई मेसिन, माटोका भाडा बनाउने भट्टी वा काममा आवश्यक सहयोग उपलब्ध गराईने छ ।
- छुवाछुत एवम् जाती विभेदलाई अन्त्य गरिने छ र शुन्य सहनशिलताको नीति लिईने छ ।
- मौलिक सिप तथा कलालाई आधुनिकीकरण एंव वैज्ञानिक ढंगबाट संचालन गर्ने व्यवस्था गरिने छ ।
- दलितहरुको वास्तविक पहिचान गर्ने उद्देश्यले दलितहरुको आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक, रोजगार सहितको तथ्याङ्क पुस्तिका प्रकाशन गरिनेछ ।
- शिक्षाको क्षेत्रमा उत्कृष्ट साथै आर्थिक अवस्था कमजोर भएका दलित विद्यार्थी पहिचान गरी छात्रवृत्ति र शैक्षिक सामाग्री उपलब्ध गराइनेछ ।
- दलित हक अधिकार र कानुन सम्बन्धि रेडियो कार्यक्रम प्रशारण गरिने छ।प्रत्येक बर्षको जेठ २१ गते राष्ट्रिय स्तरको "जातिय विभेद तथा छुवाछुत उन्मुलक दिवस" कार्यक्रमलाई नगरपालिका भर भव्यताका साथ मनाईने छ ।
- आत्मनिर्भर हुने विभिन्न सिपमूलक कार्यक्रम गर्ने साथै पेशा व्यवसायलाई थप व्यवस्थित गर्न वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिने छ ।

## शिक्षा:

शिक्षा विकासको मेरुदण्ड हो । कुनै पनि ठाँउको विकासको मापन त्यहाँको शिक्षालाई जाँचेर गरिन्छ । त्यस क्षेत्रका विद्यालयहरुको संख्या, विद्यार्थीहरुको उपस्थिति,शिक्षाको गुणस्तरले निर्धारण गर्दछ । असल, गुणस्तरिय सीप मूलक एंव भरपर्दो र उद्यमशिल नागरिक उत्पादन गर्नु शिक्षा क्षेत्रको प्रमुख काम हो । प्रत्येक व्यक्तिको शिक्षा आर्जन गर्न पाउने मौलिक हकलाई सुरक्षित गर्दै शिक्षालाई लोकतान्त्रिक मुल्य मान्यतामा आधारित समाजवाद उन्मुख राष्ट्र निर्माण गर्न लगाउन र सबैको सहज र ममतामुलक पहुँच र निरन्तरता सुनिश्चित गर्न शिक्षालाई जिवनोपयोगी , प्रतिस्पर्धा एवम् गुणस्तरिय बनाउन र अक्षर चिन्नु मात्र शिक्षा होइन ,सिप पनि शिक्षा हो भन्ने भनाईलाई सार्थक बनाउन देहायको शिक्षा निती अवलम्बन गरिने छ ।

- कोरोना  भाइरसले थिचेको हाम्रो शिक्षाको सिकाई प्रकृयालाई थप वैकल्पिक प्रक्रिया(फ्रि वाई फाई) क्षेत्र तयार गरी अध्यापनमा सहज गरिने छ । जसबाट नेट सञ्चालनको पहुँच नपुगेको विद्यार्थीलाई सहयोग पुग्ने छ ।
- सबै विद्यालयमा कम्प्युटर प्रणालीको विस्तार गरिने छ ।
- एक विद्यालय एक वालविकास केन्द्रलाई मजबुत बनाई आवश्यक शैक्षिक सामाग्रीको व्यवस्था गर्दै लगिने छ।

- आधारभूत तहका सबै विद्यालय बाहिर रहेका वालवालिकालाई विद्यालयमा पुर्याईने छ।
- कक्षा १० सम्मका वालवालिकालाई (५ सम्म सबै) र आवश्यकता अनुसारको दिवा खाजाको व्यवस्था गरिने छ।
- विद्यालय सुधार योजनालाई निरन्तरता दिईने छ।
- सामुदायिक विद्यालयलाई नमूना बनाईने छ र नमूना विद्यालयबाट आदर्श विद्यालय निर्माण कार्यलाई निरन्तरता दिईने छ ।
- सबै तहका विषय शिक्षकलाई तालिमको व्यवस्था गरिने छ।
- प्राविधिक विषय संचालन गरेका विद्यालयहरुलाई पूर्वाधार विकास र सामाग्रीको व्यवस्थापनमा सहयोग गरिने छ।
- सामुदायिक विद्यालयमा अध्यनरत छात्राहरुका लागि स्वास्थ्य सुरक्षा कायम गर्न सेनिटरी प्याड वितरण निरन्तर गरिने छ।
- वालवालिकाको प्रतिभा प्रस्फुटनका लागि निबन्ध, हिज्जे, कविता एंव खेलकुद प्रतियोगिता गराईने छ। नगरका उत्कृष्ट विषयगत विद्यार्थीलाई एस.ई.ई नतिजाका आधारमा पुरस्कृत गरिने छ।
- दरबन्दी मिलान गरी सबै विद्यालयमा पूर्ण दरबन्दी र विषय शिक्षकको व्यवस्था गर्दै लगिने छ।
- संस्थागत विद्यालयको व्यवस्थापन, नियमन र मुल्याङ्कनका लागि सरोकारहरुसँग समन्वय गरी कार्यविधि अनुरुप गरिने छ।
- सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माणमा सहयोग उपलब्ध गराईने छ।
- संस्थागत विद्यालयको भौतिक पूर्वाधार भए नभएको अनुगमन गरी आवश्यक सुझाव दिईने छ।
- क्याम्पसहरुले हाल दिइरहेको शिक्षाको स्तर विकास गरी थप प्राविधिक कक्षा संचालन गराइने छ। सो का लागि आवश्यक सहयोग उपलब्ध गराउदै लगिने छ।
- प्रस्तावित गण्डकी विश्वविद्यालय निर्माण र संचालन गर्न गण्डकी प्रदेश सरकारसँग समन्वय गरिने छ।
- अपाङ्गता भएका वालवालिकाका लागि आवासिय विद्यालय स्थापना गरिने छ र न्युनतम छात्रवृत्तिको व्यवस्था गरिने छ।
- केन्द्रसँगको समन्वयमा विद्यालय सञ्चालन, समिति गठन, पुन: गठन, शिक्षक दरबन्दी मिलान, विद्यालय दिवा वा आवासिय संचालन आदिमा नपुग भएमा कानूनको तर्जुमा गरी थप व्यवस्थित गरिने छ ।विद्यालयको शिक्षक र विद्यार्थीको पोशाक यथावत राखिने छ।
- शैक्षिक संस्थाहरुमा ई-लाईब्रेरी नभएका ठाँउमा क्रमश: व्यवस्था गरिने छ।
- आर्थिक कारणले कक्षा ११, १२ अध्ययन गर्न नपाएका न्युन आय भएका एंव अपाङ्गता भएका विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्था गरिने छ।

## युवा तथा खेलकुद:

समृद्ध राष्ट्र निर्माणको आधार स्तम्भको युवाहरुको नेतृत्व तथा क्षमता विकास , अनुशासन निर्माणका लागि युवामैत्री नीति लिईने छ। युवाहरुलाई सामाजिक दायित्व र क्षमता विकास एंव कर्तव्य प्रति जिम्मेवार बनाउन देहायका कार्यक्रमहरु संचालन गरिने छ।

- नगरस्तरीय खेलकुद विकास समिति गठन, पुन: गठन गरी थप जिम्मेवार र सक्षम बनाईने छ।
- सबै वडामा साना खेलमैदान निर्माण गरिने छ भने उपयुक्त ठाँउ छनौट गरी नगर स्तरीय फुटबल खेल मैदान समेतको कभर्ड हल निर्माण सुरु गरिने छ।
- कुनै एक विधामा नगर स्तरीय खेल (मेयर कप) संचालनलाई निरन्तरता दिईने छ।
- नगर भित्रका राष्ट्रिय एंव अन्तराष्ट्रिय खेलाडीहरुलाई पुरस्कृत गरिने छ।
- प्रत्येक वडामा स्वयंसेवकीय युवाक्लव गठन गरिने छ र प्रत्येक क्लबले एक उद्यम एक अतिरिक्त क्रियाकलाप संचालन गर्न अभिप्रेरित गरिने छ।
- सामाजिक जागरण, रुपान्तरण र समृद्धिका लागि युवा परिचालन गरिने छ।
- सामुदायिक विद्यालयमा खेलकुद शिक्षकलाई थप आवश्यकता अनुसार तालिम दिई दक्ष खेलाडी उत्पादनमा सहयोग पुर्याईने छ।
- नगर खेलकुद विकास समिति, खेलकुद क्लवहरु, युवा संघहरु, सेना प्रहरी समेतको खेल सहकार्य र साझेदारी गरिने छ।
- खेल क्षेत्रको विकास र विस्तारमा सहयोग पुर्याउने खेलाडी, प्रशिक्षक, खेलसँग सम्बन्धित व्यक्ति, व्यक्तित्व तथा संघ संस्थालाई प्रोत्साहित गरिने छ।

## स्वास्थ्य:

स्वास्थ्य जीवन, सभ्य समाज कोरोना भाईरसले गत डेढ बर्ष देखि आक्रान्त छ। शुक्लागण्डकी नगरपलिकामा पनि यस महामारीका कारण रोग नियन्त्रण त भएको छैन, अझ यसको प्रभावले अन्य आय र पूँजिगत खर्चमा समेत प्रभाव पारेको छ।यस माहामारीलाई नियन्त्रण गर्न अग्रपंक्तिमा खटिएका स्वास्थ्यकर्मीहरु, सुरक्षा कर्मचारीहरु, सवारी चालक सबैलाई नगरपालिका हार्दिक धन्यवाद दिन्छ। कोभिड १९ जोखिम नियन्त्रणका लागी प्रभावित क्षेत्रमा क्वारेन्टिन निर्माण, कन्ट्र्याक ट्रेसिङ, आईसोलेसन सेन्टर स्थापना, जनशक्तिको व्यवस्थापन एवम् औषधी उपकरणको नियमित आपूर्ती गरिने छ। कोभिड १९ संक्रमित भई घरमा रहेका बिरामीको स्वास्थ्य अवस्थाको निरन्तर निगरानी,परामर्श तथा उपचारको लागि घुम्ती सेवा, आपतकालीन सेवा, अक्सिजन सपोर्ट लगायतका सेवा नि:शुल्क उपलब्ध गराईने छ।स्वास्थ्य जोखिम न्युनीकरण गर्न नगरपालिका हर दम तयार रहेको छ। जनजीवन सहज सरल र स्वस्थ राख्न अन्य कार्यहरु देहाय अनुसार हुनेछन्।

१ खैरेनीटार हेल्थपोष्ट र आयुर्वेद स्वास्थ्य केन्द्र खैरेनीटारलाई थप व्यवस्थित गरिने गरी रकम व्यवस्था गरिने छ।

२ मुटु, मृगौला, क्यान्सर, मेरुदण्डका बिरामीलाई गराउदै आएको आर्थिक सहयोग यस बर्ष पनि निरन्तर दिईने छ।

३ स्वास्थ्य विमा सेवालाई थप प्रभावकारी बनाईने छ।

४ १२ वटै वडाका स्वास्थ्यकेन्द्रमा इन्टरनेट सेवा उपचारमा व्यवस्थित गरिने छ।

५ नगर अस्पताल ढोर फूलवारी शहिद अस्पताललाई थप व्यवस्थित गरिने छ।

६ महिलाहरुको यौनजन्य रोग,पाठेघर खस्ने जस्ता विमारीहरुको उपचारका लागि थप शिविर संचालन गरिने छ।

७ कोभिड १९ लगायत अग्रपंङ्तीमा काम गर्ने स्वास्थ्यकर्मी, गाँउघर क्लिनिक एंव प्रसुति सेवामा खटिने स्वास्थ्यकर्मीलाई सुविधा प्रदान गरिने छ।

८ नगरका सबैखाले स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने सेवालाई छिटो छरितो र गुणस्तरीय बनाईनेछ र महिला स्वास्थ्य स्वयंसेवीहरुलाई अझ सक्षम र प्रोत्साहित गराईनेछ।

९ नगर भित्रका सामुदायिक सरकारी एंव निजी, अस्पताल, स्वास्थ्य क्लिनिक, पोलिक्लिनिक, मेडिकल सेन्टर, प्रयोगशाला, आयुर्वेद औषधालय,उपचार केन्द्र, अनिवार्य रुपमा दर्ता गरी स्विकृत मापदण्ड अनुसार संचालन गर्ने गराउने र अनुगमनलाई तिव्रता दिईनेछ।

१० जेष्ठ नागरिकहरुको निशुल्क स्वास्थ्य जाँच एंव औषधी वितरण कार्यलाई निरन्तरता दिईनेछ।

११ बाल स्वास्थ्य एंव पोषण कार्यक्रम संचालन गरिने छ र सबै बालबालिकालाई पूर्ण खोप उपलब्ध गराईने छ।

१२ नगर भित्रका वर्थिङ सेन्टर, बालगृहहरुलाई थप व्यवस्थित र साधन सम्पन्न गर्दै लगिनेछ।

१३ संघिय एंव प्रदेश स्तरबाट संचालन गरिने स्वास्थ्यका सबै कामहरुलाई सहयोग एंव अनुगमन, मुल्याङ्कनलाई तिव्रता दिईनेछ।

१४ वडा स्तरका स्वास्थ्य केन्द्रहरुलाई थप दक्ष र साधन सम्पन्न गराईनेछ।

१५ हाल संघिय सरकारद्वारा संचालित जिपि कोइराला स्वास प्रस्वास उपचार केन्द्रलाई थप उन्नत र परीस्कृत गर्न माग गरिने छ भने गण्डकी प्रदेश द्वारा गण्डकी विश्वविद्यालय टिचिङ हस्पिटल संचालन गर्न अनुरोध गरिनेछ।

१६ आयुर्वेद उपचार पद्धतीको क्रमश सबै वडामा विस्तार गरिने छ। बैकल्पिक आयुर्वेद उपचार पद्धती, योगाभ्यास, व्ययामशाला सहितको सेवा उपलब्ध गराउन सहयोग उपलब्ध गराईनेछ।

१७ गत बर्षहरुमा संचालित प्रभावकारी भएका सबै प्रकारका कार्यहरुलाई निरन्तरता दिईनेछ।

१८ स्वास्थ्य कार्यलय मर्मत, सुधार एंव औषधी खरिदलाई प्राथमिकता दिई व्यवस्थित गरिने छ।

१९ नगरपालिकाको प्रसुति गृहमा प्रसुति हुने महिलालाई विशेष सुविधा उपलब्ध गराईने छ।

## पूर्वाधार बिकास:

नगरपालिका भित्रका स्थानीय आवश्यकता धेरै छन् । समिति श्रोत र साधनले सम्पूर्ण कामहरु एकै साथ गर्न सम्भव छैन । गत ४ बर्षको हाम्रो कार्याविधिमा थुप्रै कामहरु सम्पन्न भएका छन् र अन्य धेरै कामहरु निरन्तर संचालनमा रहेका छन् हालसम्म न्युनतम साधन श्रोतलाई अधिकतम प्रयोग गरी जनताका आवश्यकता पुरा गर्न लागेकै छौँ । गत वर्षहरुमा संचालनमा रहेका ठूला योजनाहरुलाई प्राथमिकतामा राखि यस बर्ष पनि निरन्तरता दिईएको छ । यस बर्ष प्रदेश सरकार एंव केन्द्रिय सरकारको सशर्त एंव निशर्त अनुदान र नगरको आन्तरिक श्रोतलाई परिचालन गरी वडागत तहबाट आएका योजनाहरुलाई प्राथमिकतामा राखी देहायका योजनाहरु नगर स्तरबाट संचालन गर्न प्राथमिकता दिईने छ ।

- दुलेगौडा हर्कपुरमार्ग, लालध्वज मार्ग, तिनखोले मोटरमार्ग, एंव दुलेगौडा ,लामागाँउ मार्ग ADB ले निर्माण गर्ने भन्ने आएकोले छिटो काम गर्न ताकेता गरिने छ ।
- गत आ.वका प्रमुख निर्माण कार्यहरु जस्तै: गुवेखोला पूल निर्माण, cold store निर्माण, कृषि उपज संकलन केन्द्र निर्माण जस्ता महत्वपूर्ण संरचना निर्माणलाई यस बर्ष समेत निरन्तरता दिईनेछ ।
- साँखे राईपुर हुदै स्याङ्गजा जोड्ने ढोरबाराही मार्ग वडा नं ११ लाई कालोपत्रेको काम सुरु गरिने छ ।
- दुलेगौडा पुलचोक मालेबगर लोकादीटार साँखे मार्ग निर्माण वडा नं ८, १० ।
- साँखे बडडाडा घरेडी मार्ग वडा नं १०,१२।
- काठे पिपल अर्चले फेदि मार्ग वडा नं १ र कास्की जोड्ने ।
- थुम्की, गर्दुम, रजस्थल कोट पर्यटन निर्माण वडा नं ८,९,१०।
- नगरमा पशुवद्शाला डि.पि.आर तयार गर्ने ।
- औद्योगिक ग्रामका लागि शुरुवात गर्ने वडा नं ९।
- मदन आश्रित पार्क प्रतिष्ठान सभाहल निर्माण वडा नं २।
- जनसेवा मार्ग बाँकी काम क्रमागत योजना वडा नं ५ ।
- कुम्ले नेराथुम मोटर मार्ग स्तर उन्नति र कालोपत्रे वडा नं ७ ।
- विभिन्न विद्यालयमा आवश्यकता अनुसार १२ कोठे भवन निर्माण ।
- जग्गाको पहिचान गरी नगर स्तरीय बसपार्क निर्माण सुरु गरिने छ ।
- निर्माणाधीन फोहोर व्यवस्थापन केन्द्र यसै बर्षबाट संचालन को प्रकृया अघि बढाईने छ ।

हाल सम्म पूर्वाधार विकास अन्तर्गत यस नगरपलिकामा मोटर बाटो ट्र्याक खोल्ने काम २५.२ कि.मि., सडक आर.सि.सि गर्ने काम १.८ कि.मि. , सडक ग्राभेल गर्ने काम २५ कि.मी, कालोपत्रे गर्ने काम ८.४२ कि.मी ,सडक मर्मत २१० कि.मी.

सडक पूल, कलभर्ट- १२ वटा

सडक नाला निर्माण -२२ कि.मी.

वडा भवन- ९ वटा

आधारभुत स्वास्थ्य चौकी- ६ वटा निर्माण सम्पन्न भईसकेका छन् । यस बर्षका योजनाहरुमा ०७८ जेठ मसान्त सम्ममा ५०५ योजना सम्झौता भएका छन् । जस मध्ये १९४ सम्पन्न छन् र ३११ निर्माण सम्पन्नको क्रममा छन् ।

## खानेपानी:

- ✓ नगरपलिका भित्रका बाँकी सबै ठाँउहरुमा १ घर १ धारा अभियान सम्पन्न गरिने छ र स्वस्थ नभएका पानीका मूलहरुलाई आवश्यकता अनुसार शुद्धिकरण गर्दै लगिने छ ।
- ✓ हाल संचालनमा रहेका खानेपानी योजनाहरुलाई सम्पन्न गराईने छ ।

## विपद्, वन तथा वातावरण:

नगरमा एक विपद् कोष रहने छ। यस कोषमा सालाना रकम थपिँदै जाने छ । कोरोना संक्रमण नियन्त्रण, संक्रमित व्यवस्थापन उपचार, अन्य महामारी, बाढी पहिरो, भुकम्प आगलागि, वातावरणीय प्रभाव आदिले हुन सक्ने क्षती न्यून गर्न यो कोषको प्रयोग हुनेछ । स्थानीय क्लबहरु, रेडक्रस, सेना, प्रहरी, सामाजिक संघ संस्थाहरु, बजार समिति, उद्योग वाणिज्य संघ संस्थाको सहकार्यमा यो योजना संचालन गरिने छ । नगरपालिकाको विपद् व्यवस्थापनका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८ पारित गरी प्रभावकारी रुपमा विपद्को सामना गरिनेछ । त्यसका लागि देहायका नीतिहरु अवलम्बन गरिने छ ।

१.विपद् व्यवस्थापन न्यूनीकरण र प्राथमिक उपचार तालिम संचालन गरिने छ ।

२ नगर भित्रका सरकारी, सामुदायिक, निजी वन, कबुलियती बनहरुको सुदृढीकरणमा ध्यान दिईने छ ।

३ खोला, नदीको तटबन्ध, वनरेखा, अग्नीरेखा निर्माणमा सहयोग पुर्याईने छ ।

४. वन्यजन्तु संरक्षण र तिनीहरुबाट हुन सक्ने क्षति कम गर्न दातृ निकाय खोजी गरी तटबन्धलाई अगाडी बढाईने छ ।

५. भू-क्षय रोक्न सेती नदी, क्याङ्गदी खोला, कुम्लेखोला, बराह खोला सुरौदी खोला तटबन्धलाई अगाडी बढाईने छ।

६. नगर भित्रका शौचालयहरुलाई थप व्यवस्थित गरिने छ ।

७. नगर भित्र नरहेका आँखेताल, लिजी तालको व्यवस्थापन सुरु गरिने छ ।

८. कृषि तर्फ डालेघाँस र वनतर्फको विभिन्न वृक्षारोपणका लागि वन कृषि वृक्षारोपण नर्सरी संचालन गरिने छ ।

९. पर्यटन, वन, पार्क, पिकनिक क्षेत्र, जडिबुटी वृक्षारोपण, प्रशोधन आदिलाई प्राथमिकता दिईने छ ।

१०. सार्वजनिक चौतारा र पोखरीहरुको संरक्षणमा ध्यान दिइने छ ।

११. मठ,मन्दिर गुम्बा, मस्जितको विकासमा सहयोग पुर्याउने छ ।

१२. शहिद कृष्ण, मदन आश्रित, हरेचौर, थर्पुटार, पार्क, निर्माण सुधारमा सहयोग पुर्याईने छ ।

१३. छाडा पशु चौपाया संरक्षण केन्द्रलाई दाना, पराल खरिद र पानीको व्यवस्था गरिने छ ।

## लेखा समिति:

नगरपालिका भित्र गरिने सबै वित्तिय क्षेत्र अन्तर्गतका कामहरुलाई समय सापेक्ष प्रविधिमूक्त बनाई राजश्व र व्ययलाई दुरुस्त र पारदर्शी राख्न देहायका कार्यनितिहरु अवलम्बन गरिनेछ।

१. आ.व. २०७३/७४ देखि हालसम्म अन्तिम लेखापरिक्षण भई औंल्याईएका बेरुजुहरुलाई बेरुजु फर्छौट समिति मार्फत फर्छौट गरिने छ। बेरुजु आउन नदिन पूर्व सजगता अपनाईने छ।
२. पेश्की कार्यलाई निरुत्साहित गर्दै लगिने छ।
३. अनुदान वितरण कार्यलाई उत्पादनमा आधारित बनाईने छ।
४. सार्वजनिक खरिद प्रक्रियालाई एकद्वार प्रणालीमा ल्याईने छ र सक्षमताका लागि तालिमको व्यवस्था गरिने छ।
५. योजना निर्माणमा स्पष्ट कार्यक्रम, योजना र बजेट बाँडफाँडलाई स्पष्ट गराइने छ।
६. नगरपालिका मातहत रहेका सामुदायिक विद्यालयहरु, शाखा कार्यालयहरु लगायतको आन्तरिक लेखापरिक्षण, खरिद ऐनलाई प्राथमिकता दिईने छ।

## सुशासन तथा संस्थागत सेवाप्रवाह

- नगरपालिकाको आ.व २०७८/०७९ को निती कार्यक्रम बजेट तथा योजना का सम्बन्धमा संस्थागत गतिविधि, प्रशासनिक चुस्तताको समय समयमा निरन्तर अनुगमन गरिनेछ ,
- संघीय, प्रादेशिक कानुन, स्थानीय राजपत्रमा प्रकाशित कानुनको अधिनमा रही पालिकाका सम्पूर्ण गतिविधि संचालन गरिनेछ,
- नगरपालिकाबाट प्रकाशित कुल ४३ वटा कानुनको संशोधनसहित एकमुष्ट प्रकाशन गरी कानुनको सबैमा सरल र सहज पहुच कायम गरिनेछ।
- वित्तिय पारदर्शिता कायम गर्न त्रैमासिक रुपमा कार्यालय संचालनको यथार्थ अवस्था सार्वजनिक गरिनेछ,
- यस आर्थिक बर्षमा प्रस्तुत निती तथा कार्यक्रमको कार्यान्वयनबाट हासिल हुने उपलब्धिलाई नतिजा सूचकका आधारमा प्रतिवेदन तथा सार्वजनिक सुनुवाई र समिक्षा संचालन गरिनेछ ,
- संस्थागत शुसासन कायम गर्न सदाचारिता ,पारदर्शिता, कानुनको शासन,विद्युतिय सेवा प्रवाहमा जोड दिईनेछ ,
- कर्मचारीको मनोवल अभिबृद्धि गर्दै कार्यसम्पादन स्तरलाई चुस्त,दुरुस्त कायम राख्न कार्यसम्पादनमा आधारीत पुरस्कार प्रणाली अवलम्बन गर्ने,संघीय सरकारको बजेटमा घोषणा भएबमोजिम पर्यटन काज सबै राष्ट्रसेवकलाई उपलब्ध गराईनेछ,
- नगरपालिका भित्रको सार्वजनिक खरिद प्रणालीलाई एकद्वार प्रणाली मार्फत संचालन गरिनेछ ,

- नगरपालिकाको सेवाप्रवाहलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाईनेछ,
- असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट पाउने अवस्था सृजना गरिनेछ,
- सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वयनमा ल्याउन, र नगरकार्यपालिका कार्यालय,वडा कार्यालय,मातहतका अन्य शाखा कार्यालयलाई सेवाप्रदायक संयन्त्र तथा सहजकर्ताको रुपमा रुपान्तरण गरी नागरिकलाई सुशासनको प्रत्याभूति गराईनेछ, ।
- वित्तिय शुसासन कायम राखी नगरपालिकाको बेरुजुलाई न्युनीकरण तथा नियन्त्रण गर्न कर्मचारी तथा जनप्रतिनिधिहरुमा वित्तिय शुसासन सम्बन्धी अन्तरक्रिया तथा प्रशिक्षण कार्यक्रम आयोजना गरिनेछ,
- नगरपालिकाभित्रको सिसिटिभी मर्मतसंभार तथा व्यवस्थापनका लागि उद्योग वाणिज्य संघसँग साझेदारी गरी अघि बढाईनेछ ।
- राजश्व संकलन, परामर्श सेवालाई थप सक्षम गराईने छ । राजश्वका क्षेत्र विस्तार गरिने छ ।
- नयाँ घर र घर कायमका लागि आवश्यक कार्यविधि निर्माण गरिने छ ।
- निर्माण व्यवसायीहरुलाई नगरमा सुचीकृत गरिने छ ।
- नगरपालिकाका प्राविधिक एंव प्रशासनिक कर्मचारीको क्षमता विकासका लागि तालिमको व्यवस्था गराइने छ ।
- घर नक्सा पास, दर्ता, सुचिकृत गर्ने प्रक्रियालाई विधि बनाई नियमित गरिने छ ।
- घर नक्सा तथा घर कायमलाई अनलाईन प्रणालीमा दर्ता गराई थप व्यवस्थित र सुरक्षित गरिने छ ।

## न्यायिक समिति :

१. न्यायमा पहुँच पुर्याउने राज्यको चौथो अंगको रुपमा कार्यरत पत्रकार एंव सञ्चार माध्यमलाई प्रोत्साहन गरिनेछ ।
२. शुक्लागण्डकी नगरपालिका भित्रका वडाका स्थानीय सामाजिक कार्यकर्ताहरुलाई मेलमिलाप सम्बन्धि न्युनतम ४८ घन्टे आधारभूत तालिम प्रदान गरिनेछ ।तालिम प्राप्त सामाजिक कार्यकर्तालाई क्षमता अविभृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
३. स्थानीय मिडियासँग हातेमालो गर्नका लागि न्यायिक आवाज कार्यक्रम सञ्चालन गरिनेछ ।
४. विवाद भई मेलमिलाप गराउन कठिन अवस्थालाई सहजीकरण गर्न कानुनी परामर्शका लागि कानुनी व्यवसायीलाई न्यायिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

## देहायका योजनाहरुलाई संघ र प्रदेश द्वारा संचालन गर्ने माग गरिने छ ।

**प्रदेश स्तर :**

१. दुलेगौँडा लामागाँउ हुदै पुतलीबजार पुग्ने, वडा नं. १२ र स्याङ्गजा ।
२. लालध्वज मोटरमार्ग वडा नं. १
३. दुलेगौडा जसपुर मोटरमार्ग वडा नं. १२
४. तिनखोले देवी मोटर मार्ग वडा नं. ६
५. वडा नं. १० कार्यालय देखि मिनामखनी हुदैँ मलागिरी जाने सडक खण्ड ।
६. कोल्ड स्टोर निर्माण वडा नं. ८
७. कृषि संकलन केन्द्र वडा नं. ५ ।
८. फोहोर मैला संकनलन केन्द्र वडा नं ५ ।
९. नगर खेलकुद मैदान वडा नं. ८ ।
१० ठाँटीभञ्ज्याङ्ग गलाफू सिसाघाट मार्ग वडा नं. १ शु.न.पा, कास्की र व्यास न.पा. ।
११. ज्वालादेवी मन्दिर कम्पाउण्ड वडा नं. २ ।
१२. श्रीराम मोटर मार्ग वडा नं. ३ ।
१३. नागढुङ्गा शवदहन निर्माण वडा नं. ५ ।
१४. जनसेवा मोटर मार्ग वडा नं. ६ र ३ ।
१५. भृगु त्रिवेणीधाम शवदहन वडा नं. ७ ।
१६. सेतीपुल मालेबगर हुदै लोकादीटार मोटरमार्ग वडा नं. ८ र १० ।
१७. रजस्थल कोट पर्यटन संग्राहलय निर्माण वडा नं. १० ।
१८. साँखे राइपुर कोल्मा सडक स्तर उन्नती र कालोपत्रे वडा नं. ११ र स्याङ्गजा ।
१९.दुलेगौडा, प्युरीदोभान मोटरमार्ग रातमाटा फेदी प्युरीदोभान खण्ड वडा नं. १२ ।

**पुलहरु:**

१.जनसेवा मोटर मार्ग स्याङ्देखोला वडा नं. ३, ५ र ६ ।
२. जाम्दीकोला मोटरेबल पुल तिनखोले मार्ग वडा नं. ६ ।
३. वडा नं १० लोकादीटार घुमाउनी देखि भिमाद नगरपालिका वडा नं. ८ जोड्ने पक्की पूल ।

**संघ स्तरीय योजनाहरु:**

१. संचालनमा रहेका सेतीनदी पुलहरु निर्माण सम्पन्न गर्ने ।
२. साँखे सालडाँडा हुदै स्याङ्गजा पाल्पा जोड्ने मोटर मार्ग ।

३. नगर स्तरमा एकिकृत खानेपानी योजना विस्तार र शुद्धिकरण वडा नं. २, ३, ४, ५, ८ र ९ ।

## विविध:

१.नगर भित्रका सुकुम्वासी एंव अव्यवस्थित बसोबासिहरुलाई हाल कार्यरत भूमि आयोगसँगको सहयोगमा जग्गाधनी बनाउन यसै बर्षबाट शुरु गरिने छ ।

२.बजार क्षेत्रमा हुने सडक तथा खुल्ला फुटकर व्यापारलाई बजार क्षेत्र निर्धारण गरी अन्य ठाँउमा खुला विक्री वितरणमा निरुत्साहित गरिने छ ।

३.उद्योग प्रतिष्ठानहरुलाई दर्ता, नविकरण, स्थानान्तर गर्ने कार्यमा सहुलियत उपलब्ध गराईने छ ।

४.सबै खाले व्यापार व्यवसायलाई अनिवार्य रुपमा नगरमा सुचिकृत हुन सुविधापूर्वक अनिवार्य गरिने छ ।

५. नगरपालिकाको प्राकृतिक स्रोतको उपयोगका सम्बन्धमा एक कार्यदल निर्माण गरी पालिकाको आम्दानी वृद्धि गर्नुका साथै पालिका स्तरीय योजनामा उक्त प्राकृतिक स्रोतको उपयोग गर्ने प्रबन्ध मिलाईने छ ।

६. नगरमा लैंगिक हिंसा कोषलाई निरन्तरता दिदै कानुनी पहुँचबाट पछि परेका सिमान्तकृत, दलित, महिला, कमजोर आर्थिक अवस्था भएका व्यक्तिलाई निशूल्क कानुनी सेवा उपलब्ध गराईने छ ।

## आदरणीय नगर सभा सदस्य ज्युहरु,

सिमित श्रोत साधनले असिमित माग र बढ्दो आकंक्षा एकै पटक सम्बोधन गर्न नसकिने यथार्थतामा नगरपालिका लाई नेपाल सरकार, दातृ निकाय, बिभिन्न संघ संस्थाबाट प्राप्त हुने शसर्त तथा निशर्त अनुदान, ऋण तथा अन्तरिक आय एवं लागत सहभागिताको दायरा समेत मुल्यांकन गरी बजेट तर्जुमा गरीएको छ ।

अब म आर्थिक वर्ष २०७८/७९ का लागि बार्षिक नगर बिकास तर्जुमा गर्ने क्रममा अख्तियार गरीएका उद्धेश्य तथा नीतिको आधारमा तयार गरीएका योजना तथा कार्यक्रमहरुको प्रस्ताबित कार्यक्रमको अनुमानित आय  र व्ययको विवरण प्रस्तुत गर्न चाहन्छु ।

# आर्थिक बर्ष २०७८/७९ को आय अनुमान

| सि.नं. | शिर्षक | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | समानीकरण अनुदान(संघ) | १५४७०००००।- | |
| २ | राजश्व वाडफाड(संघ) | १०३९२३०००।- | |
| ३ | शशर्त अनुदान(संघ) | ३८४३०००००।- | |
| ४ | समानीकरण अनुदान(प्रदेश) | १८८३८०००।- | |
| ५ | राजश्व वाँडफाँड(प्रदेश) | १३७१९०००।- | |
| ६ | प्रदेश समपुरक अनुदान | २००००००००।- | |
| ७ | आन्तरिक आम्दानी | १२८२९००००।- | |
| ८ | जिससबाट प्राप्त रकम | ० | |
| ९ | सामाजिक सुरक्षा भत्ता | १८००००००।- | |
| १० | गरिबसँग विश्वेश्वर | ५०००००।- | |
| ११ | क्रमागत अ.ल्या. | ० | |
| १२ | अ.ल्या. | ० | |
| १३ | सडकवोर्ड | ६००००००।- | |
| १४ | घरजग्गा रजिष्टेशन शुल्क | ११५०००००।- | |
| १५ | प्राकृतिक स्रोत रोयल्टी | ० | |
| १६ | वन | ३५००००।- | |
| | जनसहभागिता ५०-५० (पक्की नाला तथा पिच) | ३००००००।-० | |
| १७ | जनसहभागिता ७०-३०(पक्की नाला तथा पिच) | ४५०००००।- | |
| | जनसहभागिता ८०-२०(अन्य) | १२००००००।- | |
| कूल आम्दानी | | १०६८६२००००।- | |

# आर्थिक बर्ष २०७८/७९ को व्यय अनुमान

| सि.नं. | शिर्षक | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | विषयगत बजेट सिलिङ |  |  |
| १.१ | पूर्वाधार विकास | ७०३८९०००।- |  |
| १.२ | आर्थिक विकास | २३४६३०००।- |  |
| १.३ | वातावरण तथा विपद् | ६२५६८००।- |  |
| १.४ | सामजिक विकास | ५१६१८६००।- |  |
| १.५ | शुसासन तथा संस्थागत विकास | ४६९२६००।- |  |
| २ | चालु पुजीगत | १२५००००००।- |  |
|  | प्रदेश समपूरक | २००००००००।- |  |
| ३ | वडागत सिलीङ | १०८७०००००।- |  |
| ४ | क्रमागत अ.ल्या | ० |  |
| ५ | गरिबसँग विश्वेश्वर | ५०००००।- |  |
| ६ | शशर्त अनुदान | ३८४३०००००।- |  |
| ७ | सडकबोर्ड | ६००००००।- |  |
|  | जनसहभागिता | ४५५०००००।- |  |
|  | विपद् कोष | ४२२०००००।- |  |
| ८ | सामाजिक सुरक्षा | १८००००००००।- |  |
| कूल खर्च |  | १०६८६२००००।- |  |

**आदरणीय नगर सभा सदस्य ज्युहरु,**

नेपालको संविधान, २०७२ घोषणा भैसकेपछि गठन भएको यस शुक्लागण्डकी नगरपालिका १२ वटा वडामा विभाजित छ । नगरपालिका निर्माण को पहिलो चुनाववाट गठित यस नगर कार्यपालिकाले आफ्ना कार्यावधिको ४ वर्ष पूरा गरी सकेको छ ।

विभिन्न राजनैतिक श्रृङखला पार गरी भर्खर संवैधानिक रुपमा खुल्ला राजनैतिक मार्फत समाजवादउन्मुख अर्थराजनितिको बाटो तय गरेको वर्तमान राजनितिमा हामी निजि, साझेदारी एंव सशर्त, निशर्त कार्यक्रम मार्फत जनताको आर्थिक उन्नति सामाजिक विकासमा हामी पनि हातेमालो गर्दै अगाडि बढी रहेका छौँ । सिमित श्रोत साधन र असिमित आवश्यकता र चाहानालाई समायोजन गरी प्राथमिकताका आधारमा आफ्ना सिमित श्रोत र साधनलाई अधिकतम प्रयोग गरी भर्खर विकासको प्रारम्भिक चरणबाट माथि उठ्दै छौँ ।

**आदरणीय नगर सभा सदस्य ज्युहरु,**

अन्तमा माथि उल्लेख गरिएका विषयहरु मात्र पर्याप्त छैनन् र नहुन सक्दछ । तथापी हाम्रा आर्थिक परिसूचक आवश्यकता एंव क्षमतालाई समेत ख्याल गर्न कोशिश गरिएको छ । यस नीति र कार्यक्रम यहाँहरुको सुझाव सल्लाहले पूर्णता दिने नै छ । आगामी वर्षको बजेट व्यवस्थामा यिनै विषयहरु आधार हुनेछन् । यो नीति र कार्यक्रम निर्माण गर्न सहयोग गर्ने हुने नगर प्रमुख, कार्यापालिका साथीहरु,राष्ट्र सेवक कर्मचारी ,विषय विज्ञहरु, क्षेत्रगत र समुहगत सुझाव दाताहरु एंव राजनैतिक दल र व्यक्तित्वहरु प्रति हार्दिक आभार साथै यसको सफलताका लागि शुभकामना व्यक्त गर्दै कोभिड १९ को माहामारीबाट मृत्युवरण गर्नुहुने नगरवासीहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु साथै सम्पूर्ण शहिद प्रति श्रद्धाञ्जली ।

धन्यवाद !!!

सविता रसाईली
उप प्रमुख
शुक्लागण्डकी नगरपालिका
२०७८ असार १० गते, बिहिबार